**सुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**टीकापुर बहुमुखी क्याम्पस**

# अभिमुखीकरण कार्यक्रमको प्रतिवेदन २०८२

## परिचय

टीकापुर बहुमुखी क्याम्पस शिक्षाशास्त्र शिक्षण समितिको आयोजनामा शैक्षिक वर्ष २०८२ मा स्नातक तहमा भर्ना भएका नव-आगन्तुक विद्यार्थीहरूलाई लक्षित गरी मिति २०८२/०८/२५ गते टीकापुर बहुमुखी क्याम्सको डल्फिन हलमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रमको उद्देश्य नव-आगन्तुक विद्यार्थीहरूलाई क्याम्सको शैक्षिक वातावरण, सेमेस्टर प्रणाली, पाठ्यक्रम संरचना, आन्तरिक मूल्याङ्कन प्रक्रिया तथा विद्यार्थी जीवनसँग सम्बन्धित विविध शैक्षिक तथा व्यावहारिक पक्षबारे जानकारी प्रदान गर्नु रहेको थियो । कार्यक्रम शिक्षाशास्त्र शिक्षण समितिका अध्यक्ष सहप्रा. तिलकदेव गिरीको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख अतिथिका रूपमा टीकापुर बहुमुखी क्याम्सका निमित्त क्याम्पस प्रमुख सहप्रा. श्री आत्माराम अधिकारीज्यू  र विशिष्ट अतिथिका रूपमा सहायक क्याम्पस प्रमुख  डा. धन कृष्ण उपाध्यायको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सहाप्रा. श्री ज्ञानेन्द्रबहादुर के.सी. ले गर्नुभएको थियो । कार्यक्रममा यस क्याम्पसका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

### प्रतिवेदन विवरण

यस कार्यक्रमको प्रारम्भमा डा. ज्ञानुराज पौडेलले स्वागत मन्तव्य राख्दै शिक्षाशास्त्र संकायअन्तर्गत सञ्चालनमा रहेका शैक्षिक कार्यक्रमहरु र अपेक्षाबारे जानकारी दिनुभयो । त्यसपछि स्ववियु सभापति श्री किरण साउँदले स्वागत तथा शुभकामना मन्तव्य व्यक्त गर्नुभयो । उहाँले नव-आगन्तुक विद्यार्थीहरूलाई क्याम्पस परिवारमा स्वागत गर्दै अनुशासन, नियमित अध्ययन र सकारात्मक सोचका माध्यमबाट शैक्षिक सफलता हासिल गर्न आग्रह गर्नुभयो । त्यसपछि प्राध्यापक संघका अध्यक्ष श्री प्रेमप्रसाद भण्डारीले मन्तव्य व्यक्त गर्दै सेमेस्टर प्रणालीको महत्त्व, गुणस्तरीय शिक्षामा शिक्षक-विद्यार्थीको भूमिकाबारे प्रकाश पार्नुभयो । कार्यक्रमको मुख्य सत्रअन्तर्गत अभिमुखीकरण कार्यक्रमका सभापति तथा शिक्षाशास्त्र संकाय प्रमुख श्री तिलकदेव गिरीले स्लाइड प्रस्तुतिमार्फत नव-आगन्तुक विद्यार्थीहरूलाई सेमेस्टर

प्रणालीसम्बन्धी विस्तृत जानकारी प्रदान गर्नुभयो । उहाँले प्रस्तुत गर्नुभएको स्लाइडमा टीकापुर बहुमुखी क्याम्सको संक्षिप्त परिचय, स्थापना र विकासक्रम, QAA मान्यता, क्याम्सको पूर्वाधार, दृष्टि, ध्येय, मूल्य-मान्यता, शैक्षिक कार्यक्रम, सेवा-सुविधा, छात्रवृत्ति व्यवस्था, विद्यार्थी परामर्श सेवा तथा सेमेस्टर प्रणालीका आधारभूत मान्यताहरू समेटिएका थिए । उक्त प्रस्तुति विद्यार्थीहरूका लागि अत्यन्तै उपयोगी र मार्गदर्शक रह्यो ।

कार्यक्रममा नव-आगन्तुक विद्यार्थीहरूको तर्फबाट प्रथम सेमेस्टरका विद्यार्थी सनी थारु र पुष्पा रेग्मीले आफ्ना धारणा व्यक्त गर्नुभयो । उहाँहरूले क्याम्समा अध्ययन प्रारम्भ गर्न पाउँदा व्यक्त भएको उत्साह, अपेक्षा तथा अनुशासित र जिम्मेवार विद्यार्थीका रूपमा अध्ययन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यसै क्रममा विशिष्ट अतिथि डा. धनकृष्ण उपाध्यायले विशेष मन्तव्य व्यक्त गर्दै शिक्षाशास्त्र विषयको महत्त्व, अध्ययनमा निरन्तरता, समय व्यवस्थापन तथा नैतिक मूल्यको आवश्यकताबारे विद्यार्थीहरूलाई प्रेरणादायी सुझाव दिनुभयो ।

कार्यक्रमको अन्त्यमा कार्यक्रमका अध्यक्षले समापन मन्तव्य व्यक्त गर्दै कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा सबै अतिथि, शिक्षक, कर्मचारी तथा सहभागी विद्यार्थीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै उहाँले नव-आगन्तुक विद्यार्थीहरूको शैक्षिक यात्रा सफल र उपलब्धिमूलक होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो । यसरी अभिमुखीकरण कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न भयो ।

## निष्कर्ष र सुझाव

यस वर्षको अभिमुखीकरण अत्यन्तै उत्साहका साथ सम्पन्न गरियो । कार्यक्रम उपलब्धिमूलक रह्यो । विद्यार्थीहरुलाई खादा र डायरी समेतको व्यवस्था गर्नुपर्ने र यस्तो कार्यक्रम क्याम्पसका सम्पूर्ण संकायका विद्यार्थीहरुका लागि संयुक्त रुपमा सम्पन्न गर्दा पढाइलाई बाधा नहुने र कार्यक्रम प्रभावपूर्ण हुने महसुस गरियो ।

मिति : २०८२ मंसिर २५ प्रतिवेदक

......................

# अभिमुखीकरण कार्यक्रममा लिइएका केही तस्बिर








